कार्यपालिकाबाट स्वीकृत
मिति: २०८०।५।१२

# सामुदायिक कुकुर बन्ध्याकरण तथा खोप शिविर कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०

चाँगुनारायण नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

खरिपाटी, भक्तपुर

## सामुदायिक कुकुर बन्ध्याकरण तथा खोप शिविर कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०

**पृष्ठभूमि**

रेबिज रोग मानव, पशु तथा अन्य स्तनधारी जनावरमा लाग्ने अति खतरनाक प्राणघातक जुनोटिक रोग हो । पशु तथा मानव स्वास्थ्यको दृष्टिकोणले ठूलो समस्याको रुपमा विद्यमान रेविज रोगका कारण पशु पालक कृषकहरुले वर्षेनी ठूलो आर्थिक क्षती व्यहोर्दै आएका छन् । अतः कुकुरको बन्ध्याकरण र रेविज खोपको माध्यमबाट रेविज रोग तथा कुकुरको संख्या नियन्त्रण गरी जनस्वास्थ्य एवं पशुधन संरक्षणमा टेवा पुर्याउने उद्देश्य अनुरुप रेविज रोगको जोखिमलाई न्यूनीकरण गर्न सकियोस भन्ने उद्देश्यका साथ नेपाल सरकारको नीति तथा कार्यक्रम सहज, सरल, प्रभावकारी, पारदर्शी रुपमा सञ्चालन गर्न नेपालको संविधानको धारा २२६, स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ (२), चाँगुनारायण नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम चाँगुनारायण नगर कार्यपालिकाले यो **सामुदायिक कुकुर बन्ध्याकरण तथा खोप शिविर कार्यक्रम कार्यान्वयन कार्यविधि,** २०८० चाँगुनारायण नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम **सामुदायिक कुकुर बन्ध्याकरण तथा खोप शिविर कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०** रहेको छ ।

(ख) यो कार्यविधि कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम सम्पादन गर्ने प्रयोजनको लागि नगरपालिकाबाट स्वीकृत भए पश्चात लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१ **"मन्त्रालय"** भन्नाले कृषि पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्नेछ।

२ **"विभाग"** भन्नाले पशु सेवा विभाग सम्झनु पर्नेछ।

जीवन खत्री
नगर प्रमुख

३ "कार्यालय" भन्नाले चाँगुनारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय लाई सम्झनु पर्नेछ ।

४ "कार्यविधि" भन्नाले " सामुदायिक कुकुर बन्ध्याकरण तथा खोप शिविर कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८० सम्झनु पर्नेछ।

५ "नगरपालिका" भन्नाले चाँगुनारायण नगरपालिकालाइ सम्झनु पर्ने छ ।

६ "शाखा" भन्नाले चाँगुनारायण नगरपालिका पशु पन्छी बिकास शाखा सम्झनु पर्नेछ ।

**३. उद्देश्यः** यो कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क) चाँगुनारायण नगरपालिका पशु पन्छी बिकास शाखाको नीति तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ख) कुकुर बन्ध्याकरण तथा रेबिज विरुद्ध खोप चाँगुनारायण नगरपालिका र अन्य संघ संस्था तथा भेटेरिनरी क्लिनिकहरुसँग सहकार्यमा सञ्चालन गर्ने ।

ग) कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण गर्न जनचेतनामूलक सामग्री तयारी गरी सुसुचित गर्ने ।

घ) संक्रमित जनावरको टोकाईका कारण रेबिज रोगको उच्च जोखिममा रहेका पशु तथा मानिसमा जोखिम न्यूनिकरण गर्न सहयोग पुर्याउने ।

## परिच्छेद २

### ४. कार्यक्रम सञ्चालन प्रकृयाः

४.१ कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम तोकिएको स्थानमा कुकुरको संख्या निर्धारण गरी चाँगुनारायण नगरपालिकाले पशु कल्याणमा संलग्न संघ/संस्था र भेटेरिनरी क्लिनिकसँग सहकार्यमा सञ्चालन गरिने छ। सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यक्रम सञ्चालन गर्ने संस्थाको छनौट गरिनेछ ।

४.२ यस कार्यक्रममा सामुदायिक पोथी कुकुरहरुको बन्ध्याकरण गरिनेछ तर पोथी कुकुरको संख्या कम भयमा भाले कुकुरलाइ पनि बन्ध्याकरण गरिनेछ।

जीवन खत्री
नगर प्रमुख

४.३ चाँगुनारायण नगरपालिका आर्थिक बिकास समिति र पशु पन्छी बिकास शाखाले तोकेको कर्मचारीको प्रत्यक्ष सुपरिवेक्षणमा कुकुर बन्ध्याकरण तथा रेबिज भ्याक्सीनेसन कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

४.४ रेविज भ्याक्सिन तथा बन्ध्याकरण कार्यक्रम तोकिएको समयभित्र सम्पन्न गर्नु पर्नेछ ।

४.५ रोग सम्बन्धमा जनचेतना अभिवृद्धि गर्न सूचनामूलक सामग्री तयार तथा वितरण गर्न सकिनेछ ।

४.६ सम्पन्न कार्यको प्रगति विवरण चाँगुनारायण नगरपालिका पशु पन्छी बिकास शाखामा नियमित रुपमा पठाउनु पर्नेछ ।

४.७ आवेदक संस्थाले अनुसूची १ अनुसारको कार्य योजना र अनुसूची २ अनुसारको निवेदन पेश गर्नु पर्नेछ ।

## परिच्छेद ३

### ५. कार्यक्रम अनुगमन तथा मुल्यांकनः

५.१ यस कार्यक्रमको अनुगमन र मूल्यांकन चाँगुनारायण नगरपालिकाबाट हुनेछ ।

## परिच्छेद ४

### ६. आर्थिक गतिविधि:

६.१ प्रचलित कानून बमोजिम आर्थिक गतिविधि गरिनेछ । सहकार्यमा छनौट भएका पशु कल्याणमा संलग्न संघ/संस्था, स्थानीय निकाय र भेटेरिनरी क्लिनिकलाई चाँगुनारायण नगरपालिका पशु पन्छी बिकास शाखाको सिफारिसमा चाँगुनारायण नगरपालिका लेखा शाखाबाट प्रचलित कानुन अनुसार उपलब्ध गराईने छ । सो रकमबाट कुकुर बन्ध्याकरणका लागि आवश्यक पर्ने औषधी, सर्जिकल सेवा, रेबिज खोप, कुकुरलाई आवश्यक आहारा तथा अन्य व्यवस्थापन सम्बन्धी संघ वा संस्थाले गर्नुपर्नेछ । प्रति कुकुर बन्ध्याकरण गर्दा सम्झौता भन्दा थप आवश्यक पर्ने रकम साझेदारले ब्यहोर्नु पर्नेछ ।

६.२ कार्यक्रम सम्पन्न भैसकेपछि सो को प्रगति विवरण र बन्ध्याकरण गर्दाको तस्विरहरु लगायत सम्बन्धित सुपरिवेक्षकको प्रतिवेदन समेत चाँगुनारायण नगरपालिका पशु पन्छी बिकास शाखामा उपलब्ध गराए पश्चात मात्र भुक्तानी दिइनेछ ।

जीवन खत्री
नगर प्रमुख

क) कार्यक्रम सञ्चालन गर्दा प्रयोगमा आउने सबै विल भर्पाईहरुमा प्रचलित आर्थिक ऐन तथा नियमावली बमोजिम सिलसिलेबार नम्वर राखी प्रमाणित भएको हुनु पर्नेछ ।

ख) माथि उल्लेखित प्रक्रिया अवलम्बन गर्न आर्थिक विकास समितिको बैठकबाट निर्णय गराइ पशुपन्छी बिकास शाखा मार्फत कार्यक्रम सञ्चालन गरिनेछ र प्रचार प्रसार लगायत आवश्यक मसलन्दको खर्च प्रचलित कानून अनुसार हुनेछ।

## परिच्छेद ५

### ७. आर्थिक प्रशासन सेवाः

कार्यक्रमको लेखा परीक्षण तथा आर्थिक कारोबार आर्थिक कार्यविधि ऐन २०५५ आर्थिक कार्यविधि नियमावली २०६४ तथा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

### ८. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः

यस कार्यक्रमको अनुगमन मूल्याङकन तथा प्रतिवेदन चाँगुनारायण नगरपालिकामा पेश गर्नु पर्नेछ ।

### ९. थपघट वा हेरफेर गर्न सक्ने

१ कार्यविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन चाँगुनारायण नगरपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२ यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने अधिकार नगरकार्यपिलकामा रहनेछ ।

जीवन खत्री
नगर प्रमुख

# अनुसूची-१
## संक्षिप्त कार्य-योजना

१. आवेदकको विवरण

| | |
|---|---|
| आवेदक फर्मको नाम | |
| ठेगाना | |
| सम्पर्क व्यक्तिको नाम | |
| ठेगाना | |
| सम्पर्क नम्बर | |
| दर्ता भएको निकाय र मिति | |

२. हालको व्यवसायिक संलग्नता

क) सन्चालित क्रियाकलापहरु

| क.सं. | हाल सन्चालित क्रियाकलापहरु |
|---|---|
| | |
| | |

ख) मुख्य क्रियाकलापहरु र कारोबार विवरण

| हाल सञ्चालन गरिएका क्रियाकलापहरु | बार्षिक संख्या | बार्षिक कारोबार रकम |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

३. प्रस्तावित कार्यक्रमको विवरण

सन्चालन गरिने कृयाकलापहरु (प्रति कुकुर) :

| क.सं | प्रस्तावित कृयाकलापहरु | इकाई | परिमाण | दर | कुल लागत |
|---|---|---|---|---|---|
| १ | कुकुर वन्ध्याकरण | | | | |
| २ | रेविज विरुद्धको खोप | | | | |
| | जम्मा | | | | |

लागत साझेदारी विवरण :

| प्रति कुकुर आवेदकले व्यहोर्ने रकम रु. | प्रति कुकुर नगरपालिकाले व्यहोर्ने रकम रु. | जम्मा रु |
|---|---|---|
| | | |

४. पशु चिकित्सक तथा प्राविधिक जनशक्तिको बिवरण :

जीवन खत्री
नगर प्रमुख

अनुसूची-२
निवेदन ढाँचा

मितिः ..........................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
चाँगुनारायण नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
खरिपाटी, भक्तपुर ।

**विषयः प्रस्ताव पेश गरिएको बारे ।**

तहाँ कार्यालयको .................. गतेको सूचना अनुसार ............................................ कार्यक्रम सन्चालन गर्न इच्छुक भई प्रस्तावित कार्य-योजना र आवश्यक कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु । कार्यक्रम सन्चालनमा नियमानुसारको लागत साझेदारी गर्ने तथा प्राप्त अनुदानको सदुपयोग गरी समयमै कार्य सम्पन्न गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

निवेदकको

फार्मको नामः
प्रोपाईटरको नाम :
दस्तखतः

प्रस्तावित कार्यक्रमको नामः

संलग्न कागजातहरुको सूचीः

| क.सं. | संलग्न कागजातहरुको विवरण |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |
| ५. | |

आज्ञाले,
चुरामणि पन्थी
प्रमुख प्रशासकीय अधिकृत

जीवन खत्री
नगर प्रमुख